07 June, 2026

यो आकाशवाणी हो

मुख्य समाचार-

1. प्रधानमन्त्री मोदीले दिनुभयो संयुक्त राष्ट्रसंघद्वारा सम्मानित मेजर अभिलाषा बाराकलाई बधाई
2. नयाँ दिल्लीमा भारत-इन्डोनेसिया संयुक्त आयोगको बैठक सम्पन्न

3. अन्तर्राष्ट्रिय सीमानामा वित्तीय लेनदेन, भवन निर्माण र सम्पत्ति बेचबिखनमाथि कडा निगरानी राख्न गृहमन्त्री अमित शाहको निर्देशन

4. युरोपेली संघको एउटा उच्चस्तरीय प्रतिनिधिमण्डल भोलि आइपुग्नेछन् दुई दिने भ्रमणमा गुवाहाटी

अनि

5. पश्चिम बङ्गालकी महिला, बाल विकास तथा समाज कल्याण मन्त्री अग्निमित्र पलको अध्यक्षतामा उच्चस्तरीय प्रशासनिक समीक्षात्मक बैठक सिलगढीमा सम्पन्न

-----------

1. प्रधानमन्त्री-मेजर बाराक

प्रधानमन्त्री नरेन्द्र मोदीले मेजर अभिलाषा बाराकलाई संयुक्त राष्ट्रसंघको सैन्य लैङ्गिक अधिवक्ता पुरस्कारबाट सम्मानित बन्नुभएकीमा बधाई दिनुभएको छ। सामाजिक सञ्जाल पोस्टमार्फत् प्रधानमन्त्रीले बधाई दिन्दै, यस सम्मानले मेजर बाराकको अनुकरणीय सेवा र संयुक्त राष्ट्रसंघको शान्ति स्थापना प्रयासमा भारतको लामो समयदेखिको योगदानलाई मान्यता दिएको छ भन्नुभयो।

मेजर बाराक लेबनानमा संयुक्त राष्ट्रसंघको अन्तरिम बलमा संलग्नता टोली कमाण्डर र लैङ्गिक मामिलाका लागि प्रमुख अधिकारीको रूपमा सेवारत हुनुहुन्छ।

2. भारत-इन्डोनेसिया बैठक

भारत-इन्डोनेसिया संयुक्त आयोगको बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकको अध्यक्षता विदेशमन्त्री डा. एस. जयशंकर र **इन्डोनेसियाली** विदेशमन्त्री **सुगियोनो**ले सह-अध्यक्षता गरेका थिए। सामाजिक सञ्जालमा पोस्ट गर्दै डा. जयशंकरले

हालैका वर्षहरूमा दुई देशबीचको व्यापक रणनीतिक साझेदारी गहिरो रहेको बताउनु भयो।

उहाँले बैठकमा राजनीतिक, रक्षा, सुरक्षा, समुद्री व्यापार, ढुवानी, लगानी, स्वास्थ्य, औषधि, मल, महत्वपूर्ण खनिज, पर्यटन, शिक्षा र संस्कृति सहित द्विपक्षीय सहयोगका सबै पक्षहरूमा गहन छलफल भएको जानकारी दिनुभयो। दुई मन्त्रीहरूले क्षेत्रीय विकासका बारेमा पनि विचार साझा गरे र बहुपक्षीय समन्वयलाई अगाडि बढाउने तथा भारत-इन्डोनेसिया सम्बन्धलाई सुदृढ पार्ने बारेमाथि छलफल गरे।

यसअघि, आफ्नो उद्घाटन भाषणमा डा. जयशंकरले यो संयुक्त आयोगको बैठक चार वर्षको अन्तरालपछि भएको उल्लेख गर्नुभयो।

## 3.अमित शाह - सीमा

गृहमन्त्री अमित शाहले अन्तर्राष्ट्रिय सीमानामा वित्तीय लेनदेन, भवन निर्माण र सम्पत्ति बेचबिखनमाथि कडा निगरानी गर्न आह्वान गर्नुभएको छ। उहाँको अध्यक्षतामा बीएसएफको त्रिपुरा सीमा मुख्यालयमा उत्तरपूर्वी राज्यको सीमा क्षेत्रहरू सम्बन्धी बैठकमा श्री शाहले यो निर्देशन जारी गर्नुभएको हो। गृहमन्त्रीले विगत पाँच वर्षको जग्गा अभिलेखको लेखापरीक्षण पनि गर्न निर्देशन दिनुभयो। श्री शाहले लागूऔषध र हतियार तस्करी विरुद्ध निरन्तर अभियान चलाउनुपर्ने तथा लागूऔषध तस्करीमा संलग्न सबैलाई कडा कारबाही गर्नुपर्ने बताउनु भयो। उहाँले सङ्कलक, जीएसटी अधिकारीहरू तथा केन्द्रीय प्रत्यक्ष कर बोर्ड (सीबीडीटी) लाई नक्कली मुद्रा सर्वेक्षण गर्न तालिम दिन निर्देशन पनि दिनुभयो।

बैठकले सीमा क्षेत्रहरूको समग्र विकास र सुरक्षाको लागि केन्द्रीय एवम् राज्य एजेन्सीहरू बीच घनिष्ठ समन्वय प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको कुरामा जोड दियो।

## 4.असम-ईयू प्रतिनिधिमण्डल

युरोपेली संघको एउटा उच्चस्तरीय प्रतिनिधिमण्डल भोलि दुई दिने भ्रमणका लागि आसामको राजधानी गुवाहाटी आइपुग्नेछ। यसको उद्देश्य भारतका उत्तरपूर्वी राज्यहरूसँगको सहकार्यलाई सुदृढ पार्नु हो। ईयूको छलफल नवीकरणीय, हरित ऊर्जा, दिगो शहरी पूर्वाधार, स्वास्थ्य सेवा तथा औषधिलगायत युरोप एवम् उत्तरपूर्वी बीचको साझा हितका क्षेत्रहरूमा केन्द्रित हुनेछ।

प्रतिनिधिमण्डलमा भारत र भुटानका लागि ईयू राजदूत **हर्भे डेल्फिन**का नेतृत्वमा ईयू सदस्य राष्ट्रहरूका राजदूतहरू र वरिष्ठ प्रतिनिधिहरू साथै युरोपेली

व्यापार प्रतिनिधिहरू समावेश हुनेछन्। भ्रमणको क्रममा, प्रतिनिधिमण्डलले असमका मुख्यमन्त्री हिमंत विश्व शर्मासँग वार्ता गर्नेछन्।

## 5. विश्व खाद्य सुरक्षा दिवस

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले स्वस्थ भविष्यको लागि सुरक्षित र स्वच्छ खानाप्रति सरकारको प्रतिबद्धता दोहोऱ्याउनु भएको छ। आज विश्व खाद्य सुरक्षा दिवसको अवसरमा सामाजिक सञ्जालमा पोस्ट गर्दै उहाँले नागरिकहरूलाई स्वस्थ खाना खाने बानी अपनाउन र स्वस्थ तथा आत्मनिर्भर भारत निर्माणमा योगदान पुऱ्याउन आग्रह गर्नुभयो।

यस वर्षको विश्व खाद्य सुरक्षा दिवसको विषयवस्तु - **समस्यादेखि समाधानसम्म - जतातातै सुरक्षित खाना** रहेको छ।

## 6. पश्चिम बंगालका मन्त्रीहरूको बैठक

पश्चिम बङ्गालकी महिला, बाल विकास तथा समाज कल्याण मन्त्री अग्निमित्र पलले आज सिलिगुडीमा उच्चस्तरीय प्रशासनिक समीक्षात्मक बैठकको अध्यक्षता गर्नुभयो। पदभार ग्रहण गरेपछि यो उत्तर बङ्गाल क्षेत्रको उहाँको पहिलो आधिकारिक भ्रमण हो।

बैठकमा दार्जिलिङ, कालिम्पोङ, जलपाइगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाका जिल्ला अधिकारीहरू र जनप्रतिनिधिहरू उपस्थित थिए। छलफलहरू नगरपालिका मामिला, महिला तथा बाल विकास, समाज कल्याण, विपद् व्यवस्थापन, सरसफाइ, ढल निकास, फोहोर व्यवस्थापन, ट्राफिक नियमन र विभिन्न सरकारी योजनाहरूको कार्यान्वयनमा केन्द्रित थिए।

पत्रकारहरूसँग कुरा गर्दै, सुश्री अग्निमित्र पलले शहरी पूर्वाधार र सरसफाइ सुधार गर्न कडा कदम चालिने बताउनु भयो।

## 7.आन्ध्र प्रदेशका राज्यपाल - अल इन्डिया रेडियोको बधाई

आन्ध्र प्रदेशका राज्यपाल न्यायाधीश एस. अब्दुल नजीरले अल इन्डिया रेडियोलाई सार्वजनिक प्रसारणको क्षेत्रमा ऐतिहासिक ९० वर्ष पूरा गरेकोमा बधाई दिनुभएको छ।

यसरीनै उहाँले सूचना, शिक्षा र मनोरञ्जन प्रदान गर्ने अल इन्डिया रेडियोले मानिसहरूलाई जोड्ने अनि जनचेतना प्रवर्द्धन गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह

गरेको छ भन्नुभयो। अल इन्डिया रेडियोको "बहुजन हिताय, बहुजन सुखाय" को आदर्श वाक्यलाई उद्धृत गर्दै राज्यपालले आगामी वर्षहरूमा सार्वजनिक प्रसारणले अझ ज्यादा जोश र समर्पणका साथ राष्ट्रको सेवा गरिरहने विश्वास व्यक्त गर्नुभयो।

## 8. ई-जागृति - उपभोक्ता मामिला

उपभोक्ता मामिला विभागको ई-जागृति प्लेटफर्मले राष्ट्रिय ई-शासन पुरस्कार २०२६ मा रजत पुरस्कार प्राप्त गरेको छ। यसले प्रविधि मार्फत सरकारी प्रक्रियाहरूमा सुधार र डिजिटल रूपान्तरणलाई मान्यता दिन्छ।

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले उपभोक्ता गुनासोहरूको द्रुत समाधानमा ई-जागृतिले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताएको छ। यस वर्षको १ जनवरीमा सुरु गरिएको यो एआई-आधारित प्लेटफर्मले अहिलेसम्म २,२९,००० भन्दा बढी उपभोक्ता मुद्दाहरू दर्ता गरिसकेको छ र २७,००० भन्दा बढी मुद्दाहरू समाधान गरिसकेको छ।

## 10. CBSE - कक्षा १२ को पुनर्मूल्याङ्कन

कक्षा १२ को परीक्षाको नतिजा प्रकाशित भएपछि उत्तरपुस्तिका र सम्बन्धित मुद्दाहरूको पुनर्मूल्याङ्कनका लागि अनलाइन आवेदनहरू बुझाउने आज अन्तिम मिति हो। केन्द्रीय माध्यमिक शिक्षा बोर्डले सामाजिक सञ्जाल पोस्टमा पोर्टल मध्यरातसम्म खुला रहने बताएको छ। बोर्डले विद्यार्थीहरूलाई समयसीमा अघि आफ्नो आवेदनहरू पूरा गर्न र पेश गर्न अनुरोध गरेको छ।

## 11. भारत-अफगानिस्तान टेस्ट - पहिलो इनिङ्स

क्रिकेटमा, भारतले अफगानिस्तान विरुद्ध एकल टेस्टको दोस्रो दिन न्यू चण्डीगढमा आठ विकेटमा ५६४ रनमा आफ्नो इनिङ्स घोषणा गर्‍यो।

भारतका लागि कप्तान शुभमन गिलले उत्कृष्ट १२६ रन बनाए भने केएल राहुलले शतक बनाए।

जवाफमा, अफगानिस्तानले पछिल्लो समाचार अनुसार आफ्नो पहिलो इनिङ्समा पाँचवटा विकेट गुमाएर 113 रन बनाएको छ।